Journey for Sustainable Development and Peace Journal ISSN: 2976-1328 (Online)
(A Peer-Reviewed, Open Access Journal) 2976-1360 (Print)
Vol 2 Issue 2 (Special Issue) Sep 2024 www.jsdp.org.np

**Interview -1**

# संवृद्धिकालागि पर्यटन क्षेत्रको दीगो विकास आवश्यक छ

(Sustainable Development of the Tourism Sector is necessary for Prosperity)

प्रा. डा. प्रेम शर्मा (Prof. Dr. Prem Sharma)

**DOI: https://doi.org/10.3126/jsdpj.v2i2.69576**

नेपालको आर्थिक विकासको महत्वपूर्ण क्षेत्र मानिएको पर्यटनको सम्भावना र यसको दिगो विकासको सेरोफेरोमा ग्रामिण पर्यटनमा विज्ञता हासिल गर्नु भएका प्रा.डा. प्रेम शर्मासँग को छोटो–सानो अन्तरवार्ता यहाँ राख्दैछौं । *प्रधान सम्पादक

**१. डा.शर्मा, नेपालमा पर्यटन विकासको सम्भावना के कस्तो देख्नु हुन्छ ?**

नेपालको प्राकृतिक (भौगोलिक) तथा मानव सांस्कृतिक विविधताहरु पर्यटनका धरोहर(प्रडक्टस्) हुन । यसमा ३ अलौकिक अन्तराष्ट्रिय सम्पदाहरु– सगरमाथा, लुम्बिनी र हिन्दु आस्थाका केन्द्रहरु जसलाई बाध्य जगतमा बजारीकरण गराई रहन पर्दैन अन्य अथाहा संभाव्यता/विविधिताहरु पनि पर्दछन्, तिनको पहिचान, अध्ययन, अनुसन्धान र प्रचार प्रसार हुन बाँकी छन् । केही दशक यता हाम्रा छिमेकी देशहरुबाट र पछिल्लो समय हाम्रो आन्तरिक पर्यटनहरुको संख्या उल्लेख्य बढेको छ । कतिपय देशहरुको मुख्य आम्दानीको स्रोत पर्यटन बन्दै गएको परिप्रेक्ष्यमा नेपालमा पनि पर्यटनको सम्भावना उच्च रहेको मान्नु पर्दछ ।

**२. पर्यटन विकासको दीगोपनाको लागि के के गर्नु पर्छ जस्तो लाग्छ ?**

नीतिगत र व्यवहारिक पक्षहरुमाथि ध्यान दिनु पर्छ । सर्वोपरी, अर्थपूर्ण जनसहभागिता अपरिर्हाय हुन्छ । यसकालागि लक्ष्य र उदेश्यहरुको भिजन प्रष्ट हुनु पर्छ । हामीसँग रहेका स्रोतसाधनको पहिचान, उपयोग, व्यवस्थापन र समय सापेक्ष मौलिक रुपान्तरण, लगानी मैत्री, जिविकोपार्जन र व्यवसायीक मैत्री वातावरण; दोस्रो मानवका ५ ज्ञानिन्द्रीयहरु मैत्री र आकषर्णका प्रडक्ट्स/गन्तव्यमूखि तैयारी र संचालकहरुमा पर्यटन शिक्षा, ज्ञान, शिप, तालिम, अनुभव र समयानुकुल प्राविधिक शिक्षा सहितको जनशक्ति; तेस्रो हाम्रा लक्षित पाहुना को छन्/हुन् ? बजारीकरणको सुनिस्चिता र अन्तमा, आतिथ्यकलाको तैयारी, सेवा र सुविधाहरु– आफनै ध्वाज बाहक तथा पर्यटक मैत्री व्यवहार, आदि । स्थलगत बाटाघाटाहरु, हवाइ रुट,

स्वदेशी हवाइ जहाज कम्पनिहरु, यातायात, व्यवस्था होटल, आदि हार्डवेयर (भौतिक पुर्वाधार)को रुपमा आवश्यक छन । यद्यपि हाम्रा बाटाघाटा तथा यातायातको अवस्था सन्तोषजनक छैनन् । हवाई जोखिमका घटनाहरु बारम्बार आइरहन्छन् । नीजी क्षेत्रको अर्थपुर्ण र सक्रिय सहभागीता औपचारीक मात्र छ । यि सबै पूर्वाधारसँग जोडिएका विषय हुन । यसकालागि सफ्टवेयर जस्तैः– मानवीय पूँजी, शीप तथा तालिमहरुको पनि आवश्यकता हुन्छ । आथित्य सत्कार तथा स्थानीय स्रोतको उपभोग तथा परिचालनका कुरा पनि छन् जसले पर्यटनलाई दीगो बनाउन सघाँउछ । किनकि बाहिरबाट आउने पर्यटनले स्थानीय संस्कृति तथा सम्पदा हेर्न तथा अनुभूति गर्न खोज्दछन् । जस्तैः– नेपालमा झण्डै १५हजार होमस्टेहरु छन् तर अव्यवस्थित र सामान्य मापदण्ड वाहिर छन् र मुस्किलले १ सय पचासमा मात्र पर्यटकहरु गुजारा गर्ने/हेर्ने वा सेवा लिन लायक छन्, निगमन कस्ले गर्ने ? ३ तहका सरकारहरुले आवश्यक वातावरण सिर्जना गर्ने, उधमीहरुलाई आकर्षण गर्ने, त्यसैगरी समुदाय र निजि क्षेत्रले पर्यटकहरुलाई आकर्षण गर्ने कार्यक्रम र व्यवहार हुनु प¥यो । स्थानीय स्तरमा उद्यमशिलताको विकास सबैभन्दा महत्वपूर्ण छ । सरकारी र नीजि क्षेत्र दुबैको सहभागिता यसमा उत्तिकै महत्व रहन्छ ।

### ३. अध्ययन अनुसन्धानका लागि हाम्रा पर्यटन क्षेत्र कत्तिको ध्यानाकर्षण योग्य छ जस्तो लाग्छ ?

देश र समाज रुपान्तरण/विकासको लक्ष्य र उदेश्यमा एउटा महत्वपूर्ण साधन÷माध्यम पर्यटन भएको हुँदा यस सम्बन्धमा नीतिगत तहका लागि र अन्य सुधारहरुको सन्दर्भमा यो विषय अध्ययन अनुसन्धानको महत्वपूर्ण विषय हो । हाल शैक्षिक संस्थाहरुमा चासो लिन थालिएको छ । यसको दीगो पर्यटन विकासका समस्याहरुको पहिचान र यससँग आवद्द स्टेकहोल्डर सहितको भावनाहरुलाई टेकेर/सम्वोधन गरिने अध्ययनहरुले पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिने निश्चित छ । अन्तराष्ट्रिय, छिमेकी र आन्तरिक पर्यटनको आयामहरुका बारे प्रशस्तै विषयवस्तुहरु छन् जहाँ अनुसन्धानहरु गर्न सकिन्छ ती हुन सकेका छैनन् र भएका भएपनि कार्यान्वयन र व्यवहारमा छैनन् । त्यसैगरि स्थानीय स्रोतको उपभोग र यसमा रहेका समस्याहरु ऊपर पनि वहसहरु हुन आवश्यक छ ।

*(करिब दुई दशक त्रिभुवन विश्वविद्यलयमा प्राध्यापन तथा अनुसन्धान क्षेत्रमा कार्य गर्नु भएका प्रा. डा. प्रेम शर्मा रिटार्यड जीवनमा पनि विकास, राजनीति, पर्यटन तथा अन्य क्षेत्रको अध्ययन अनुसन्धान कार्यमा सक्रिय छन्।)*